# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।१५ गते।

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

पूर्व पश्चिम राजमार्गको भालुवाङ्ग लमही सडक खण्डको चे.६९०+००० पाखापानी देखि चे.७१२+००० लमही खण्डमा सडक क्षेत्राधिकार भित्रका सिसौ लगायत अन्य जातका काठ/कुकाठ, ठूला, मझौला र सानासमेत गरी करिव १४०० भन्दा बढी संख्यामा रूखहरू कटानी भएको विवरण डिभिजन सडक दाङ्गबाट पेस भएको, वन जंगल तथा बोटबिरूवाको संरक्षण सम्बर्द्धन र उपयोगमा जिल्ला स्थित डिभिजन वन कार्यालयहरूले नियामक र नेतृत्वदायी दुवै भूमिका खेल्नुपर्नेमा सडक विभागको स्वामित्वमा रहेको पूर्व पश्चिम राजमार्गको सडक सीमा २५/२५ मिटर भित्रका यस्ता जोखिमयुक्त रूखहरू हटाउन विभागीय प्रक्रिया चलिरहेको साथै लुम्बिनी प्रदेशको स्थायी राजधानी दाङ्ग देउखुरी राप्ती उपत्यकामा सार्न मिति तोकिएको अवस्थामा २०७९ मंसिरको अन्तिम हप्ता र पौषको पहिलो हप्तामा जिल्लास्थित वन पदाधिकारीहरूको संलग्नतामै रूखहरू कटान गरी काठहरू गायब पारी सरकारी सम्पत्तिको हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सडक डिभिजन कार्यालय दाङ्गका कार्यालय प्रमुख राम पुकार जयसवालसमेतको मिलेमतोमा जिल्ला दाङ्ग, राप्ती गाउँपालिका वडा नं.१ पाखापानी देखि लमही नगरपालिका वडा नं.४ अर्नहवा सम्मको पूर्व पश्चिम राजमार्गको दायाँ बायाँ दुवै किनारको सडक क्षेत्राधिकार भित्र काटिएका सिमल, सिसौ लगायत विभिन्न जातका रूख थान २७२४ कटान भएको देखिंदा प्रतिवादीहरूको एक आपसको मिलेमतोमा वदनियत गरी सूचना प्रकाशन गर्ने गराउने कार्य गरे गराएको देखिएको, पालिका र उक्त वडा कार्यालयले सूचना बमोजिमको कार्य गर्न संयन्त्र बनाई उक्त कार्य गर्नु गराउनु पर्नेमा बदनियतपूर्वक सरकारी सम्पत्ति संक्षण गर्ने कार्य गरे गराएको नदेखिएको, डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी) ले आफ्नो क्षेत्राधिकार भित्र राप्ती गाउँपालिका र लमही नगरपालिका अन्तर्गत रहेका रूखहरू अनधिकृत रूपमा कटान हुँदा तत्कालै नियन्त्रणमा लिन सकिनेमा जानी बुझी वदनियतपूर्वक बेमतलव गरेको, सडक डिभिजन दाङ्गले आफ्नो सडक क्षेत्र भित्रका रूख कटान भएको सम्बन्धमा सार्वजनिक सडक ऐन, २०३१ मा भएको ब्यवस्था वमोजिम कुनै छानविन समिति वा अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य अगाडि नबढाई प्रचलित कानुनको कार्यविधि पूरा नगरी विना ईजाजत अवैध रुपमा सडक क्षेत्राधिकार भित्रपर्ने रूखहरूको कटान गरी ओसार पसार गरी विभिन्न जातको ४०५५५.० घनफिट काठको कुल जम्मा रू.८१,३७,९००/- हानी नोक्सानी समेत गरेको कसुर पुष्टि हुन आएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | सडक डिभिजन कार्यालय दाङ्गका | रू.८१,३७,९००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एकासी लाख सैंतीस हजार नौ सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | तत्कालीन कार्यालय प्रमुख **राम पुकार जयसवाल** | | २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| २. | डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी) का तत्कालीन वन अधिकृत **राजु क्षेत्री** | रू.८१,३७,९००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एकासी लाख सैतीस हजार नौ सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | जिल्ला दाङ्ग, रासी गाउँपालिकाका अध्यक्ष **प्रकाश विष्ट** | रू.५८,४५,८२५/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो अन्नठाउन्न लाख पैतालीस हजार आठसय पच्चीस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ४. | जिल्ला दाङ्ग, रासी गाउँपालिकाको वडा नं. १ को वडाध्यक्ष **गेमे खड्का** | रू.३,७१,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो तीन लाख एकहत्तर हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ५. | जिल्ला दाङ्ग, रासी गाउँपालिकाको वडा नं. ४ को वडाध्यक्ष **वीर बहादुर चौधरी** | रू.१,४१,२२६/— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एक लाख एकचालीस हजार दुई सय छब्बीस रूपैयाँ कायम गरी ऐ.ऐनको दफा १७ ले निर्दिष्ट गरे बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ६. | जिल्ला दाङ्ग रासी गाउँपालिका वडा नं.४ वस्ने **अभिमान चौधरी** | रू.७३,६४६/- | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाइ बिगो त्रिहत्तर हजार छ सय छयालीस रूपैयाँ |

| | | | |
|---|---|---|---|
| | | | कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन,२०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने समेतको सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | जिल्ला दाङ्ग रासी गाउँपालिका वडा नं.४ वस्ने **नन्दु गिरी** | रू.३०,९७०/- | मुख्य कसुरदाहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो तीस हजार नौसय सत्तरी रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने समेतको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | जिल्ला दाङ्ग रासी गाउँपालिका वडा नं. २ वस्ने **झविन्द्र प्रसाद भण्डारी** | रू.१,४१,२२६/- | मुख्य कसुरदाहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो एक लाख एकचालीस हजार दुई सय छब्बीस रूपैयाँ कायम गरी ऐ.ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने समेतको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ९. | जिल्ला दाङ्ग लमही नगरपालिका वडा नं. २ वस्ने **केशर बहादुर चौधरी** | रू.३६,६१०/- | मुख्य कसुरदाहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो छत्तीस हजार छ सय दश रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा |

| | | | |
|---|---|---|---|
| | | | ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने समेतको सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी